नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय अनुसन्धान विभाग

सिंहदरबार

वरफबाग, सिंहदरबार

## स्टेशनरी, बिजुली तथा कार्यालय अरू मालसामानहरूको सिलबन्दी बोलपत्र आह्वानसम्बन्धी सूचना

गो.प.मा प्रथमपटक प्रकाशित मिति : २०७१।४।२० गते

चालू आ.व. ०७१।७२ सालभरको लागि आवश्यक पर्ने स्टेशनरी, विजुली तथा कार्यालय अरू मालसामानहरू सिलबन्दी बोलपत्रद्वारा विभागको आवश्यकता अनुसार पटकपटक गरी खरिद गर्नुपर्ने भएकोले त्यस्ता मालसामानहरू आपूर्ति गर्न इच्छुक रजिस्टर्ड फर्म वा कम्पनीहरूबाट निम्न सर्तहरूको अधीनमा रही रीतपूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिन्छ।

१. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३०औँ दिनको कार्यालय समयभित्र नेपाल सरकारबाट इजाजत प्राप्त अधिकृत विक्रेता तथा फर्महरूबाट फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र र आ.व. ०६९।७० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न गरी रू.१० को टिकट टाँसी कारबाहीमा नपरेको स्वयम् घोषणापत्रसहितको निवेदन पेस गरेमा प्रतिथान फारामको रू. १,०००।- (एक हजार) मात्र पछि फिर्ता नहुने गरी नगदमा यस विभागबाट प्राप्त गर्न सकिनेछ।

२. बोलपत्र फारामसाथ को.ले.नि.का काठमाडौँ भुक्तानी केन्द्र ४, सिंहदरबार, एभरेष्ट बैंक नयाँबानेश्वरको धरौटी खाता नं. १३५००१ मा जम्मा गरेको रकम रू. ७२,०००।- (बहत्तर हजार) मात्रको सक्कल प्रतिबैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस विभागको नाममा जारी गरेको ३ महिना अवधिको मान्यता प्राप्त बैंक ग्यारेन्टी (विडबन्ड) पेस गर्नुपर्नेछ।

३. रीत नपुगी, म्याद नाघि वा कुनै सर्त राखी पेस हुन आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

४. बोलपत्र फाराममा उल्लेख गरिएका दरभाउ अंक र अक्षर दुवैमा भरी स्पष्टरूपमा खुलाई पेस गर्नु पर्नेछ। अक्षर र अंकमा उल्लेखित दर फरक परेमा अक्षरमा उल्लेखित दरभाउलाई मान्यता दिइनेछ।

५. बोलपत्र फाराम बुझाउदा सिलबन्दी गरी खाम बाहिर स्पष्ट उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले ३१औँ दिनको १२:०० बजेभित्र यस विभागको दर्ता शाखामा बुझाउनु पर्नेछ। उपरोक्त सिलबन्दी बोलपत्रहरू ३१औँ दिनको १५:०० बजे यस विभागको सभाहलमा बोलपत्रदाता वा निजको पत्रसहितको प्रतिनिधिहरूको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि उक्त बोलपत्रहरू तोकिएको समयमा खोलिने छ। कारणवस बोलपत्र पेस गर्ने वा खोल्ने दिन विदा परेमा त्यसपछिको कार्यालय खुल्ने दिन र समयमा उक्त कार्यहरू गरिनेछ।

६. प्राप्त भएको बोलपत्रहरूमध्ये घटी वा बढी दर, आंशिक वा पूर्ण, स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहनेछ।

७. बोलपत्रदाताले बोलपत्र पेस गर्दा बोलपत्रमा उल्लेख भएबमोजिमको ब्राण्ड र कम्पनीको (ओरिजिनल) सामानहरू र ब्राण्ड कम्पनी उल्लेख नभएको सामानको हकमा उच्च गुणस्तरको सामानहरू दिनु पर्ने छ। बोलपत्र फाराममा उल्लेख भएका परिमाण र मूल्यका सामानहरू विभागको आवश्यकताअनुसार थपघट भएमा पनि बोलपत्रदाताले स्वीकार गर्नुपर्नेछ।

८. एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाइनेछैन।

९. बोलपत्रसम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस विभागको जिन्सी शाखामा सम्पर्क राख्न सकिनेछ।

१०. अन्य कुराहरू प्रचलित ऐन नियमअनुसार तय भएबमोजिम हुनेछ।